मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २५ ◆ अङ्क : ३३२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ कात्तिक २५ गते मंगलवार (Tuesday, November 10. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

‘लैङ्गिक हिंसा र दुर्व्यवहारः
छैन हामीलाई स्वीकार’
"Orange the World :
#Hear Me to "

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## झुक्याएर भारततर्फ लगिएका १२ युवतीको उद्धार

**झापा, कात्तिक २४।** विभिन्न बहाना र प्रलोभनमा लुकिछिपी भारतीय सीमासम्म पुऱ्याइएका १२ नेपाली युवतीको उद्धार भएको छ ।

कोराना महामारीको विषमस्थिति र बेरोजगारीको फाइदा उठाएर मानव बेचबिखनका लागि भारत लान लागिएको सूचनाका आधारमा ती युवतीको आफन्त नेपाल संस्थाको पहल र जिल्ला प्रहरी कार्यालय, पर्साको सहयोगमा उद्धार गरिएको हो । हाल उनीहरु सोही संस्थाको संरक्षणमा छन् ।

सिराहा र सर्लाहीमा स्टेज कार्यक्रममा नाच प्रदर्शन गर्ने भनी विभिन्न जिल्लाबाट पर्साको वैकल्पिक नाका हुँदै भारतसम्म पुऱ्याइएका ती युवतीको उद्धार गरिएको बताइएको छ । ती युवतीलाई स्टेज कार्यक्रममा नाच देखाउने र दैनिक रु. दुई हजारका दरले रकम दिने भनी काठमाडौंको बालाजुबाट लगिएको थियो ।

पथलैयाको जङ्गलमा पुगेपछि उनीहरुलाई समूह विभाजन गरी नेपाल भारत सीमानामा पुऱ्याइएको थियो । सीमा कटाउने क्रममा चार जनालाई सीमा नाकाबाट र अन्य सात जनालाई भारतबाट उद्धार गरिएको हो । ती युवतीसँगै रहेका युवक पक्राउ परेका छन् ।

आफन्त नेपालका निर्देशक इन्द्रराज भट्टराईले बेरोजगारीको चपेटामा परेर दैनिकी गुजार्न समस्या परेकाबाट फाइदा लट्न मानव तस्करहरु सक्रिय भइरहेका बेला आफूहरुले उद्धारमा काम गर्न पाएकामा खुशी व्यक्त गरे ।

## ‘छठ पूजा गर्न देऊ’



**विराटनर, कात्तिक २४।** स्थानीय प्रशासनद्वारा सामूहिक रुपमा गरिने छठ पूजा रोक लगाएकोमा यहाँ विभिन्न समितिले विरोध जनाएका छन् । कोरोना भाइरसको महामारीको जोखिम जारी रहेको जनाउँदै प्रशासनले छठपूजामा रोक लगाएको जनाइएको छ ।

मोरङका नौ वटा छठ पूजा समितिले पत्रकार सम्मेलन आयोजना गरी छठ पूजा आस्था र विश्वासको धरोहर रहेकाले आफूहरु यो पर्व विश्वस्वास्थ्य सङ्गठन र सरकारको मापदण्ड अनुसार सम्पन्न गर्ने जानकारी दिए ।

भैतिक दूरी कायम गरी सामान्य तरिकाले पर्व मनाउन व्रतालुले नदीमा वा तलाउमा अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ दिने कार्य कतैबाट रोक नहोस् भन्ने माग गरेका छन् ।

पत्रकार सम्मेलनमा त्रिलोकीनाथ तथा छठ पूजा मन्दिर, झरना चोक छठ पूजा समारोह, पिछरा वडा नं ११ छठ पूजा समारोह समिति, हिन्दू परिषद् नेपाल मोरङ, हलुवाई समाज कल्याण सेवा समिति, सहनी कल्याण समाज समिति, नेपाल बैश्य युवा संघ, मोरङ माछा व्यवसाय संघ, मरिक टोल संगठनका अध्यक्ष तथा सचिवको सहभागिता रहेको थियो । छठ पूजा आगामी मंसीर ५ र ६ गते रहेको छ ।

### बिर्तामोडमा प्रदेशकै ‘नमूना गाउँ’

# ३७ परिवारलाई जग्गासहित घर

**सुरेन्द्र भण्डारी**

**बिर्तामोड, कात्तिक २४।** बिर्तामोड-७ हर्चनाका कुमार हस्दाको भत्किसकेको घरलाई टेका लगाएर अड्याइएको छ । पूर्बपट्टिको फुसको टाँटी अड्याउन मात्रै दुईवटा बाँसकै टेका लगाइएको छ । भित्रबाट कालो प्लाष्टिक लगाएर परालले छाएको घरको छानो उदाङ्गो भएको छ । डड्याउँदा प्रयोग भएका बाँस र भाटाको बन्धन मक्किएर खुस्किसकेको छ । छानो छाउँदा प्रयोग भएका सबै भाटाको ज्यूइँनो खुस्किएर भाटा एकै ठाउँमा जम्मा भएका छन् ।

झट्ट हेर्दा लाग्छ बर्षौदेखि त्यो घरमा कसैको बसोवास छैन । तर, त्यही घरमा हस्दाको चार जनाको परिवार अहिले पनि बसोबास गरिरहेको छ । सामान्य हावापानी आउँदा पनि ओत लाग्न सक्ने अवस्था नरहे पनि त्यही घरमा हस्दाको दैनिकी चलेको छ । आफ्नो एक चप्परी पनि जमिन नभएपछि उनी अरुकै जमिनमा शरण लिएर त्यही छाप्रोमा बसेका हुन् । उनी मात्र होइन उनको यसअघिको पुस्ताले पनि यसैगरी त्यस्तै छाप्रोमा बसेर दिन बिताएको स्थानीय युवराज गौतम बताउँछन् ।

आर्थिक अवस्था कमजोर भएका कुमारको शरीर पनि स्वस्थ छैन । ६० बर्ष टेकेका उनी भत्कनै लागेको घर हेर्दै सोमवार आँगनमा विहानीको घाम तापिरहेका थिए । पूर्वाञ्चलकर्मी उनको घरमा पुग्दा उनी भगवान पुकारी रहेका थिए । उनी भन्दै थिए- जे हुन्छ भगवान हजुरबाटै हुन्छ, हामी गरीवको दुःख हेरिदिनु पऱ्यो ।

भगवान पुकार्नु उनका लागि बाध्यता थियो । दैनिक ज्याला मजदुरी गरेर खाने हस्दाको परिवारलाई पनि कोरोना भाइरसले पिरोलेको छ । एकातिर आर्थिक अवस्था अत्यन्त कमजोर छ भने अर्कोतिर गरेर खाने एक चप्परी पनि जमिन छैन, त्यसमाथि अरुको जमिनमा शरण लिएर बस्नुको पीडा कस्ले बुझिदिने उनले पूर्वाञ्चलकर्मीसँग दुःखेसो पोख्दै भने- यतिका वर्ष दुःख गरियो तर कहिल्यौ खान पुगेन, अहिले चारैतिरका काम बन्द छन्, कसरी खाने ?

हस्दा जस्तै वसन्ती किस्कूको व्यथा पनि उस्तै छ । उनी पनि लड्नै लागेको घरमा बस्छिन् । वर्षात्को समयमा घर भत्किएपछि गौतमले नै १५ हजार रुपैयाँ दिएर तत्काललाई बस्न योग्य घर बनाइएको थियो । १५ हजार रुपैयाँमा बनाइएको घर कस्तो नै होला र गौतमले भने- भत्किएको किस्कूको घर मर्मतका लागि मैले नै १५ हजार रुपैयाँ दिएको थिए, त्यही पैसाले यो घर मर्मत गरेर उहाँहरु बस्नुभएको छ । दुई जनाको परिवार अहिले फुसको सानो छाप्रोमा जसोतसो बसे पनि पानी त परैकै







कुरा शित पर्दासम्म ओत लाग्ने अवस्था छैन ।

बिर्तामोड ७ र ८मा बसोबास गर्ने केही सन्थाल र चौधरी समुदायमा यो समस्या रहेको छ । हर्चनामा मात्रै ३७ परिवारमा यस्तो समस्या देखिएपछि बिर्तामोड नगरपालिकाले उनीहरुका लागि अहिले घर निर्माण गरिएको छ । एकीकृत नमूना बस्ती बसाउने लक्ष्यसहित बिर्तामोड नगरपालिकाले अहिले ३७ घर निर्माण गरिरहेको हो ।

प्रदेशकै गौरव भिलेजका रुपमा हर्चना टुनटुनवारी नमूना आवास निर्माण उपभोक्ता समिति गठन गर्दै घर निर्माण थालिएको थियो । जहाँ हर्चना क्षेत्रमा बसोबास गर्ने अतिविपन्न परिवारलाई बसोबास गराइने बिर्तामोड नगरपालिका अध्यक्ष ध्रुवकुमार शिवाकोटीले बताए । बिर्तामोड नगरपालिकाको ७० लाख रुपैयाँ र ह्याविट्याट फर ह्युम्यानिटी नेपालको ८३ लाख रुपैयाँ गरी एक करोड ५३ लाख रुपैयाँको लागतमा विपन्न परिवारका लागि घर निर्माण भइरहेको छ ।

जसमा सहारा नेपाल, समाज कल्याण परिषद् र हिल्टी फाउण्डेशनले साझेदारी संस्थाका रुपमा सहयोग पुऱ्याइरहेका छन् । २०७६ साल फागुन २१ गतेदेखि निर्माण शुरु गरिएको घर २०७७ पुस १६ गते निर्माण सम्पन्न गर्दै हस्तान्तरणको तयारी थालिएको बिर्तामोड नगरपालिकाका प्रेस संयोजक तीर्थ सिग्देलले बताए । १ नम्बर प्रदेशकै नमूना आयोजनाको रुपमा हेरिएको यो भिलेजभित्र छुट्टा छुट्टै शौचालय र खानेपानीको व्यवस्थासहित चिल्ड्रेन पार्क, मिटिङ हल समेत निर्माण गरिने छ ।

नमूना वस्ती निर्माणका लागि धनजुजु श्रेष्ठ, राधादेवी श्रेष्ठ र कमला श्रेष्ठले एक विगाह तीन कट्ठा जग्गा सहयोग गरेपछि आवास निर्माण शुरु गरिएको थियो निर्माण समितिका अध्यक्ष समेत रहेका गौतमले भने- आवास निर्माणसँगै ३७ परिवारलाई नै जग्गा धनीपूर्जासहित घर हस्तान्तरण गरिने भएको छ ।

एउटा घर निर्माणमा चार लाख खर्च हुने र हरेक घर निर्माणमा १० प्रतिशत श्रमदान हुनेछ । शुलभ मूल्यमा निर्माण भइरहेको आवासमा बाँसको धेरै प्रयोग गरिएको छ । बाँसबाटै निर्माण गरिने घरको भित्ता भने प्लस्टर गरिने छ । घर निर्माणमा प्रयोग गरिएका बाँसको उपचार गरिएको छ । उपचारका कारण घर सुरक्षित र टिकाउन हुने उनको भनाइ छ । भुइँ ढलान गर्दै घर उच्चा बनाएर आधा भागसम्म पिल्लर हालिएको छ भने बाँकी भागमा बाँसको प्रयोग गरिएको छ । उपचार गरिएको बाँस भएकाले ती वर्षसम्म केही नहुने अध्यक्ष गौतमले बताए । पहिला हामीलाई सामान्य लाग्थ्यो बाँस तर होइन रहेछ बाँसको काम धेरै हुँदोरहेछ । प्रयोग गर्न जानेको खण्डमा तीस वर्षसम्म बाँस केही नहुने भएपछि यो प्रविधि यहाँका विपन्न परिवारलाई पनि प्रविधि सिकाएर आफ्नो घर आफैं निर्माण गर्न प्रेरित गरिएको छ ।

समितिले दुईवटा घर यसअघि नै नमूनाका लागि निर्माणसम्पन्न गरेको छ भने बाँकी ३५ वटा घर निर्माणको काम धमाधम भइरहेको निर्माण समितिका अध्यक्ष गौतमले बताए । शुरुमा दुईवटा घर डेमोका लागि बनाइएको थियो, त्यसपछि निरन्तर वाँकी घर निर्माण भइरहेका छन् । यसअघि निर्माण गरिएको दुई वटा घर ह्याविट्याट फर ह्युमानिटीले निर्माण गरे पनि अरु घर निर्माणमा बिर्तामोड नगरपालिका, ह्याविट्याट फर ह्युमानिटी र सहारा नेपालले संयुक्त लगानी गरेका छन् । बिर्तामोड नगरपालिका-७मा आवास निर्माण भए पनि बिर्तामोड-८ हर्चनाका विपन्न परिवारलाई निर्माणाधीन आवासमा राखिने गौतमको भनाइ छ ।

घर १२ /१०का दुई कोठाभित्र र वरन्डामा ६/१० को एउटा कोठा रहन्छ त्यसलाई किचन मानिन्छ- अध्यक्ष गौतमले भने- सात धुरमा निर्माण गरिएको घर चिटिक्क र आकर्षक हुन्छ । सघै घरमा जस्ता हुन्छ, जस्ताको रंग रातो हुन्छ । फिलिपिन्सबाट नयाँ प्रविधि भित्र्याएर बनाइएको हिल्टी प्रोजेक्टका घर हुने भएकाले घर मजबुत हुने उनको दावी छ । फिलिपिन्सको प्रविधि अपनाएर बाँसै बाँसको यति सुन्दर घर निर्माण गर्ने यो हिल्टी प्रोजेक्ट प्रदेशको पहिलो त छ नै नेपालकै पहिलो र नमूना प्रोजेक्ट भएको गौतमले बताए ।

घर निर्माणका लागि सोही ठाउँका स्थानीयलाई प्राथमिकता दिइएको छ । आफ्नो घर आफैं निर्माणका लागि शुरुमा तालिम दिएर उनीहरुलाई एकै प्रकारका बनाउन सिकाइ मुख्य मिस्त्रीलाई दैनिक ८ सय रुपैयाँ ज्याला दिइएको छ भने अन्य सहायक कामदारका रुपमा घरका अरु सदस्यलाई दैनिक तीन सय रुपैयाँ ज्याला दिइएको अध्यक्ष गौतमले बताए । अब यहाँका घर पाउने सबै नागरिक आफ्नो घर बनाउन सिकेको सिप र दक्षताले अरुको घर बनाउन पनि योग्य भएका छन् उनले भने अन्त कतै यस्तै घर बनाउनु परेको खण्डमा मिस्त्री समेत तयार भएकाले उनीहरुलाई जीवन निर्वाहका लागि सहज हुने बिर्तामोड नगरले अपेक्षा समेत गरेको छ । आफ्नो घर आफैं बनाएकाले घर मजवुद हुने अध्यक्ष गौतमको दावी छ । आफ्नो घर निर्माण गर्दा गुणस्तरीय भएको र आफ्नो घर निर्माण गुणस्तरीय सामग्री प्रयोग गरिएकाले उनीहरुले घर मजवुद बनाएको गौतमले बताए ।

### एकका लागि एक अभियानको अर्को काम

# बिर्तामोडमा अक्सिजन बैंक स्थापना

**तुलसीप्रसाद निरौला**

**बिर्तामोड, कात्तिक २४।** सहारा नेपालसहित २८ वटा विभिन्न सामाजिक संघ-संस्थाको सहभागितामा शुरु गरिएको ‘एकका लागि एक’ अभियानले झापाको बिर्तामोडमा अक्सिजन बैंक स्थापनाको तयारी गरेको छ ।

‘एकका लागि एक’ अभियानको आयोजनामा सोमवार भएको जुम बैठकले बिर्तामोडमा अक्सिजन बैंक स्थापना गर्ने निर्णय गरेको हो । विश्वमा महामारीको रुप लिइरहेको कोरोना भाइरसबाट संक्रमित हुनेको संख्या दिनप्रतिदिन बढ्दै गएर झापा लगायत देशका विभिन्न स्थानमा रहेका अस्पतालमा समेत बेड अभाव हुन थालेपछि कोरोना भाइरसबाट संक्रमितलाई घरमै उपचारमा सहयोग पुऱ्याउन अक्सिजन बैंक स्थापना गर्ने निर्णय गरेको ‘एकका लागि एक’ अभियानका संयोजक महेन्द्रकुमार गिरीले जानकारी दिए ।

‘एकका लागि एक’ अभियानको आयोजनामा भएको जुम बैठकले अक्सिजन बैंक स्थापनाका लागि अक्सिजनका सिलिण्डरको भण्डारण गर्ने निर्णय समेत गरेको र यसको तयारी समेत गरेको उनले बताए ।

त्यस्तै जुम बैठकले कोभिड सूचना तथा सहायता केन्द्रको स्थापना गर्ने निर्णय गरेको र उक्त सहायता केन्द्र बिर्तामोड उद्योग वाणिज्य संघको भवनमा रहेको झापा गोल्डकपको सचिवालयमा रहने संयोजक गिरीले जानकारी दिए ।

विश्वमा महामारीको रुप लिइरहेको कोरोना भाइरसको संक्रमण चौथौ चरणमा प्रवेश गरेको र यसले भयावहको अवस्था सृजना गरेकाले यो अवस्थामा नागरिकलाई कोरोना भाइरसको संक्रमणबाट बच्ने उपाय, अपनाउनु पर्ने स्वास्थ्य सुरक्षा मापदण्ड लगायत विभिन्न स्वास्थ्य सम्वन्धी जानकारी दिन कोभिड सूचना तथा सहायता केन्द्रको स्थापना गरिने उनले बताए । कोभिड सूचना तथा सहायता केन्द्रबाट नागरिकले विशेषज्ञ डाक्टर र स्वास्थ्यकर्मीबाट स्वास्थ्य परामर्श प्राप्त गर्ने उनले बताए ।

त्यस्तै जुम बैठकले कोरोना भाइरसबाट संक्रमित अशक्त तथा ज्येष्ठ नागरिकलाई प्राथमिकतामा राख्दै उनीहरुको घरमै पुगेर स्वाब संकलन गर्ने निर्णय गरेको उनले बताए ।

कोरोना भाइरसबाट संक्रमित भएर पनि विभिन्न कारणले घरमै रहेका अशक्त तथा ज्येष्ठ नागरिकहरुको घरमै पुगेर स्वाब संकलन गरिने र त्यसबाट अशक्त तथा ज्येष्ठ नागरिकहरु मात्र होइन



समुदाय पनि लाभान्वित हुने उनले वताए ।

विश्वमा महामारीको रुप लिइरहेको कोरोना भाइरसको संक्रमणको दर बढीरहेकाले यसबाट बच्न र अरुलाई बचाउन सवै जुट्नुको विकल्प नभएको बताउँदै संयोजक गिरीले कोरोना भाइरसको जोखिम न्यूनीकरणका लागि ‘एकका लागि एक’ अभियानले गरेको कार्यमा सहयोग गर्न सरोकारवाला सवैलाई आग्रह गरे ।

जुम बैठकमा ‘एकका लागि एक’ अभियानका सहसंयोजक विनोद बस्नेतले औचित्यमाथि प्रकाश पारेका थिए । उनले एकका लागि एक अभियानले कोरोना भाइरसको परीक्षण गर्न भीटीएम/आरडीटी किट वितरण, लकडाउनको अवधिमा खाद्यान्न वितरण, तयारी खाना वितरण, कोरोना भाइरसको परिक्षण गर्न पीसीआर ल्याब स्थापना, कोरोना भाइरस संक्रमित गम्भीर बिरामीका लागि प्लाज्मा थेरापी गर्न नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा झापाको सहकार्यमा प्लाज्मा थेरापी वैंक स्थापना गरिसकेको र अब बिर्तामोडमा अक्सिजन बैंक स्थापना गर्ने तयारी गरिएको जानकारी दिए ।

कनकाई नगरपालिका-४ कोटीहोममा जनस्तरबाट स्थापना गरिएको कोरोना भाइरस परीक्षण गर्ने पीसीआर परीक्षण प्रयोगशालाबाट सशुल्क स्वाव परिक्षण समेत शुरु गरिएको उनले बताए ।

जुम बैठकमा सहभागी ‘एकका लागि एक’ अभियानका सदस्यहरु नवीन पोखरेल, कुमारमणि पोखरेल, गोपाल ओली, हरि शर्मा, सजेश शिवाकोटी, एकराज गिरीलगायतले आ-आफ्ना धारणा राख्दै कोरोना भाइरसको जोखिम न्यूनीकरणका लागि ‘एकका लागि एक’ अभियानले गरेको कार्यमा साथ दिने प्रतिवद्धता जनाएका थिए ।

त्यस्तै जुम बैठकमा ‘एकका लागि एक’ अभियानका सचिवालय सदस्य मातृका सुवेदीले हालसम्मको खर्च र आम्दानी विवरण प्रस्तुत गरेका थिए ।

उनले ‘एकका लागि एक’ अभियानको खातामा १८ लाख ७० हजार चार सय २९ रुपैयाँ बचत रहेको जानकारी दिए । जुम बैठकको सहजीकरण ‘एकका लागि एक’ अभियानका सचिवालय सदस्य मातृका सुवेदीले गरेका थिए ।





झापाबाट सबैभन्दा नजिक

# रोङको झण्डीडाँडा सूर्योदय हेर्न जाने कि !

सूर्योदय र सूर्यास्तको बेला होलीमा पिच्करीबाट निस्किएको रंगीन रंग, निर्मल निश्चल अवस्थामा हँसिलो बनेर मानिसका आँखालाई आनन्द प्रदान गर्ने निलो आकाश, अनि यता र उता गर्दै चञ्चल स्वभाव देखाएर घरी-घरी, सूर्य, हिमाल, रमणीय पहाड र रंगीविरंगी पुतलीझैं देखिने गाउँ शहरमा छेक्ने बादल, त्योसँगै मौलिक संस्कृति सभ्यता र प्राकृतिक अवस्थालाई अवलोकन गर्ने मन कस्लाई हुँदैन होला ! यस्ता इच्छा र आकांक्षाहरु पूरा गर्न जान आजभोलि सामान्यवर्गका लागि खर्चको हिसावले असम्भव नै भइसकेको छ। लामोदुरीको यातायात, खानेबस्ने लगायतको खर्च धान्नै नसक्ने अवस्था भइसकेको छ।

विशेषगरी पहाडी क्षेत्रको विविधतालाई निहाल्ने बढी इच्छा तराईमा बसोबास गर्नेहरुमा हुने गर्छ। स्वभावैले पहाडी क्षेत्रमा पुग्ने पर्यटकहरुको संख्या तराईका गाउँशहरका सबैवर्गका नागरिकहरुको रहने गरेको छ।

पूर्वी पहाड अझ साविक मेची अञ्चललाई पर्यटनको दृष्टिकोणले हेर्दा झापाका केही चुरे क्षेत्र, इलाम, पाँचथर र ताप्लेजुङमा अग्ला पहाड टाकुराहरुको नाम धेरै चलेका छन्। सूर्योदय हेर्नको लागि भने फैलिएको भूगोलका हिसाबले कमै मात्र ठाउँको नाम आउँछ ती स्थान हुन सन्दकपुर, श्रीअन्तु, कल्याम हुन् ती स्थान खर्चको हिसाबले निकैमाथि मानिन्छन्। कम खर्च गरेर धेरै स्थानबाट पनि सूर्योदयको दृष्य राम्रोसँग देखिन्छ होला तर ती क्षेत्र भौगोलिक हिसाबले विकटताका कारण चर्चामा आउन सकेका छैनन्।

त्यस्तै सूर्योदय र सूर्यास्तको दृष्य अत्यन्तै राम्रो सँग देखिने इलामको एक स्थान पनि ओझेलमा परेको थियो। त्यस ठाउँको अग्लो पहाडमा अरुबेला स्थानीयले बिहान र साँझमा पुगेर डाँडाबाट सूर्य उदाउने र अस्ताउने बेलामा पुगेर हेर्ने अवस्था पनि थिएन, किनकि त्यो ठाउँमा अनकन्टार जंगल थियो। तर, पछिल्लो समयमा नयाँ पर्यटकीय गन्तव्य पहिचन गर्ने क्रममा झापासँग सीमाना जोडिएको इलामको एक गाउँ पालिकामा पूर्वमै सबैभन्दा उत्तम सूर्योदयको दृष्य अवलोकन गर्ने स्थान भनेर चर्चामा आउन थालेको छ। त्यो स्थान हो- इलाम जिल्लाको रोङ गाउँपालिका -६ जिर्मलेको रम्भ्याङस्थित झण्डीडाँडा।

झण्डीडाँडामा सूर्योदयको दृश्यालोकन गर्न उल्लेख्नीय संख्यामा झापाका विभिन्न स्थानबाट आन्तरिक पर्यटकहरु पुग्न थालेका छन्। झण्डीडाँडाबाट सूर्योदय, सूर्यास्त, कञ्चनजंघा हिमाल, कन्याम चियाबगान, पाथीभरा मन्दिर, झापाका समथर भू-भाग, भारतका धेरै प्रान्त र भुटानका केही भागको दृश्यालोकन गर्न सकिन्छ।

उक्त स्थलको विकासका लागि स्थानीय सरकार, बासिन्दा र स्थानीय क्लवबाट संरक्षण कार्य शुरु हुन थालेको छ। हाल संघीय, प्रदेश र स्थानीय सरकारबाट यसको प्रवर्द्धन र विकासका लागि बजेट विनियोजन पनि भइसकेको वडा नम्बर ६का वडाध्यक्ष एवम् रोङ गाउँपालिकाका प्रवक्ता मनिकुमार स्याङ्वो सुवासले बताए।

झापाको पूर्वी मुख्य नाका काँकरभिट्टाबाट उत्तर नकलबन्दा, बाहुनडाँगी, गाडागल्ली, जिर्मले, निन्दा सिरान हेर्दै उकालो लाग्दै जाँदा करिब एक घण्टाको मोटरबाटोबाट सलकपुर जिर्मले पुगिन्छ।

उता इलामको पाथीभरा हर्कटे हुँदै करिव ३० मिनेटको यात्रा गरी रम्भ्याङ झण्डीडाँडा पुग्न सकिन्छ। सो ठाउँमा होमस्टे निर्माण तथा व्यवस्थापन गर्ने, पदमार्ग निर्माण, दृश्यालोकनका लागि विभिन्न धर्मावलम्बीको मूर्तिको व्यवस्थापन, तापोस्थान, राष्ट्रिय तथा विश्व साइकलिङ यात्रीको गन्तव्य निर्माण गर्ने, स्थानीयस्तरको कृषिका विभिन्न परिकार उत्पादन र तालिमको व्यवस्था गर्ने र उत्पादित वस्तुबिक्री गरी आर्थिक विकास गर्ने तथा तीनै तहबाट यसको प्रवर्द्धन तथा विकासका पहल गर्ने र मुख्य योजना बनाई विकास निर्माणमा लागि पर्ने गाउँपालिका अध्यक्ष शम्शेर राईले बताएका छन्।

झण्डीडाँडा पर्यटन क्षेत्र पूर्वाधारका लागि संघीय पर्यटन मन्त्रालयबाट १५ लाख रकम विनियोजन समेत भइसकेको र यसका लागि बुद्धको शालिक निर्माण गर्ने प्रस्ताव अघि बढिरहेको स्थानीय सरोकारवाला अशोक वान्तवाले जानकारी दिए।

झण्डीडाँडामा किरात फ्रेन्डस क्लबको अगुवाइमा लालीगुराँस र विभिन्न किसिमका फूल रोप्ने, सडकको स्तरोन्नति गर्ने, विश्रामस्थल, खेलमैदान मर्मत, पदमार्ग निर्माण जस्ता कार्यहरू गरेर यसको प्रचारप्रसारमा लागेको किरात फ्रेन्डस क्लबका अध्यक्ष जीवन राईले बताए।

असोज कात्तिक र मंसीर महिना मात्र उपयुक्त समय भएकोले आजभोलि झापा र भारतका सिमा क्षेत्रका पर्यटकहरु जिर्मले पुग्न थालेका छन्। पर्यटकको चहलपहल बढ्न थालेपछि स्थानीय होमस्टेहरु भरिन थालेका छन्। पर्याप्त होमस्टे तयार नभइसकेको अवस्थालाई मध्यनजर गरेर पालिकाले टेन्टको व्यवस्था गरेर पर्यटकलाई सहजता प्रदान गर्न थालेको छ, निकट दिनमै त्यस स्थानमा स्थानीयहरुले आफ्ना सेवाहरु बढाउने तयारी गरेका छन्। हरेक कुनै पनि गन्तव्य जानको लागि पहिला खर्चको कुरा आउँछ नै, खर्चका हिसाबले जिर्मले झण्डीडाँडा अत्यन्तै सस्तो छ। खानेकुराहरु स्थानीय उत्पादन मात्र भएकाले पनि सस्तो भएको हो।

**प्रस्तुतिः विनोद पाण्डे**



## पूर्वनेपालको २०औं सभा



**उमानाथ भण्डारी**

**कमल, कात्तिक २४।** झापाको कमल-२स्थित पूर्वनेपाल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले सोमवार २०औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ।

'मर्यादित श्रम र पर्यटनका लागि सहकारी' भन्ने नाराका साथ साधारणसभा सम्पन्न भएको हो। कमल गाउँपालिकाभित्र रहेका सहकारीहरु मिलेर अब कृषिलाई अगाडि बढाउनुपर्ने बेला आएको छ। गाउँपालिकाको अर्थतन्त्रलाई टेवा पुर्याउने भनेकै कृषि हो। गाउँपालिकाले पनि एक सहकारी एक उत्पादनको नीति ल्याएकोले यसमा सहयोग पुर्याउन सहकारीले सहयोग गर्नुपर्ने कमल गाउँपालिकाका अध्यक्ष मेनुका काफ्लेले बताइन्।

सस्थाले सदस्यको आवश्यकतालाई पहिचानगरी व्यवसायिक कृषिको क्षेत्रमा कार्य प्रारम्भ गरिसकेको छ भने व्यवसायिक क्षेत्रलाई अगाडि बढाउन बहुउद्देश्यीय कृषि फर्म, अन्तरसंस्था कृषि उद्योग केन्द्र, पाथीभरा एग्रो टुरीजम लगायतका संस्थामा समेत शेयर लगानी समेत गरेको अध्यक्ष प्रेम सापकोटाले जानकारी दिए।

यसका साथै यस्तो विषम् परिस्थितिमा पनि सहकारीले शाखागत साधारणसभा सम्पन्न गरिसकेको अध्यक्ष सापकोटाले जानकारी दिए।

२०५७ सालमा ३४ जना सदस्यबाट ३७ हजार चार सय शेयर पुँजी संकलन गरी कारोवार शुरु गरेको संस्थाले २०औं वर्ष पूरा गर्दा सदस्य संख्या १० हजार एक सय ६४ जना र शेयरपुँजी १२ करोड ४३ लाख ४१ हजार सात सय रुपैयाँ तथा विभिन्न कोष गरी कूल पुँजी २५ करोड ८९ लाख १३ हजार ६ सय १५ रुपैयाँ छ भने यस संस्थाले यस आर्थिक वर्षमा ४ करोड ४६ लाख ७२ हजार ६ सय ८४ रुपैयाँ खुद मुनाफा गरेको व्यवस्थापक चन्द्रकला ढकालले जानकारी दिइन्।

**अर्जुनधारा जलेश्वर धाममा कोरोना प्रभाव**

## ९ कर्मचारी र ४५ बटुकको खर्च धान्न समस्या

**अर्जुनधारा, कात्तिक २४।** पूर्वको पशुपतिनाथको नामले परिचित अर्जुनधारा जलेश्वर धाममा आर्थिक सङ्कट उत्पन्न भएको छ।

भेटी सङ्कलनबाट सञ्चालित धाममा कोरोना महामारीका कारण भक्तजनहरु आउन छाडेपछि कर्मचारीलाई तलब दिन र बटुकहरुलाई खाना खुवाउन आर्थिक सङ्कट उत्पन्न भएको हो।

नौ कर्मचारी र ४५ बटुकको नियमित खर्च धान्न समस्या हुन थालेको धाम विकास समितिका कोषाध्यक्ष मनोज जोशीले बताए। टाढा-टाढाबाट आउने भक्तजन र मन्दिरमा गरिने पूजा पाठ, व्रतबन्ध, विवाहबाट आउने रकम नै आम्दानीको मुख्य स्रोत थिए- उनले भने- कोभिड-१९का कारण विगत आठ महिनादेखि भक्तजन नआएपछि आर्थिक सङ्कट हुन थालेको छ।

मन्दिरमा मासिक रु. तीन लाख खर्च हुँदै आएको उनले बताए। उनका अनुसार कर्मचारीलाई तलब खुवाउन र बटुकको खाना खर्चका लागि स्थानीय सरकारलाई गुहार्नुपर्ने अवस्था सिर्जना भएको छ। कोरोनाको जोखिम बढ्दै गयो र मन्दिरमा पूजापाठका लागि खुल्ला गर्ने अवस्था सिर्जना नभएमा सम्पूर्ण धार्मिक संस्थाहरु आर्थिक सङ्कटमा पर्ने उनको भनाइ छ।

प्रत्येक वर्ष अर्जुनधारा जलेश्वर धाममा बालाचतुर्दशीको अवसर पारेर धार्मिक अनुष्ठानको आयोजना गरी मन्दिर सञ्चालनका लागि आर्थिक सङ्कलन गरिँदै आएको थियो तर यस वर्ष कोरोनाका कारण सम्भव नदेखिएपछि सर्वदलीय बैठक बोलाएर आर्थिक सङ्कलनका लागि सहयोगको याचना गर्ने तयारी भइरहेको उनले बताए।

धामका प्रचार समितिका सहसंयोजक तथा पत्रकार दिपीन राईले धाम क्षेत्रको परिसरमा पर्खाल लगाउन गत वर्ष केन्द्रीय सरकारले रु. ५० लाख सहयोग गरे पनि सञ्चालन खर्च कतैबाट पनि नआएको बताए। पूर्वको ठूलो धार्मिक सम्पति हो अर्जुनधारा धाम- उनले भने- सङ्कटमा बचाउने दायित्व पनि तीनै तहको सरकारको हो।


**डा. रवि शाही**
MBBS, MD. DM
शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र, काठमाडौं
**बरिष्ठ मुटु रोग विशेषज्ञ**

**के तपाई मुटु सम्बन्धी कुनै पनि समस्या हुनुहुन्छ ? या उच्च रक्तचापको समस्यामा हुनुहुन्छ ? यदि हुनुहुन्छ भने मुटु रोगमा** DM (Cardiologist) **गर्नु भएका बरिष्ठ विशेषज्ञ डा. रवि शाही हरेक महिनाको तेस्रो शनिवार गंगालाल राष्ट्रिय हृदय केन्द्र, काठमाडौंबाट प्रदीप फार्मेसी, भद्रपुररोडमा आउँदै हुनहुन्छ। समयमा नै सम्पर्क गरी ढुक्क बन्नुहोस्।**

सम्पर्कः **प्रदीप फार्मेसी**
भद्रपुररोड, बिर्तामोड, झापा
फोन नं. ०२३-५४३७९५,
मो. ९८५२६७७८२३, ९८०२६७७८२६



**पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर**
**गोरखा डिपार्टमेन्ट स्टोर**

हाम्रा विशेषताहरु :
- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्ल्याङ्केट, गलैंचा
- चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम
- छैठौं तलामा : गोरखा किचेन

**गोरखा डिपार्टमेन्ट स्टोर**
धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४



**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्भन्नुहोस् ।



**होटल इस्टर्न नेपाल प्रा.लि.को सार्वजनिक सुनुवाई सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७७/०७/२५**

होटल इस्टर्न नेपाल प्रा.लि. प्रस्तावक रहेको होटल इस्टर्न नेपालको प्रारम्भिक वातावरणीय परिक्षण (IEE)को अध्ययन कार्य भइरहेको छ। यसै सन्दर्भमा आयोजना प्रभावित क्षेत्र झापा जिल्लाको मेचीनगर नगरपालिकाका सरोकारवाला व्यक्ति, संघ-संस्थाहरूबाट थप लिखित राय/सुझाव तथा जानकारी, छलफल र सुझाव आदान प्रदान गर्न निम्न मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिने भएकोले सरोकारवाला सम्पूर्णलाई उपस्थित भई सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी भई दिनु हुन अनुरोध गरिन्छ।

**तपशिलः**
सार्वजनिक सुनुवाई हुने मिति :२०७७।०७।२८
स्थान : धुलाबारी-१०, मेचीनगर नगरपालिका, झापा
समय : दिनको ४:०० बजे
फोन नः ९८४२३३०११४

आयोजक :
**होटल इस्टर्न नेपाल प्रा.लि.**
ईमेलः hoteleastern.nepal@gmail.com



**श्रद्धाञ्जलि/समवेदना**

यस सहकारी संस्थाका शेयर सदस्य मेघराज दियाली (कुमार) का पुजनीय पिता, यस सहकारी संस्थाका शेयर सदस्य समेत रहेका कनकाई-३ सुरुङ्गाका पुराना सुन व्यवसायी, सामाजिक व्यक्तित्व सुनारे कान्छा नामले परिचित पूर्णबहादुर दियालीको मिति २०७७/०७/१६ गते मेची अस्पताल, भद्रपुरमा ६१ वर्षको उमेरमा असामयिक निधन भएकोमा उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। यो दुःखद् घडीमा छोराहरु मेघराज (कुमार), दुर्गा, रुपनारायण र दीपक लगायत सम्पूर्ण दियाली परिवारमा भगवानले धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भन्ने कामनाका साथ हार्दिक समवेदना व्यक्त गर्दछौं।



पूर्णबहादुर दियाली

**रमेश बाराकोटी** व्यवस्थापक | **भरतकुमार थपलिया** सचिव | **चन्द्रप्रसाद पोखरेल** अध्यक्ष

एवम् **दोमुखा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड परिवार**
**कनकाई-३, सुरुङ्गा, झापा**



**कमल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**तोपगाछी, झापा**

**शिलवन्दी दरभाउपत्र आव्हानको सूचना**

**तेस्रोपटक प्रकाशित मिति २०७७/७/२४**

यस गाउँपालिकाको निर्णय एवम् आर्थिक ऐन २०७७ दफा १२ अनुसार गाउँपालिकाले उठाउन पाउने सेवा शुल्क निर्धारण गरे बमोजिम देहायका ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा संस्थाले देहायको शर्तहरुको अधिनमा रही बढाबढमा शिलबन्दी दरभाउपत्र पेश गर्न १५ (पन्ध्र) दिने यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

**ठेक्काको विवरण**

| सि.नं | ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम अंक (भ्याट बाहेक) | शीलबन्दी दरभाउपत्र दस्तुर | शीलबन्दी दरभाउपत्र खरिद गर्ने म्याद | शीलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय | शीलबन्दी दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | ०८/०७७/७८/राजश्व | विज्ञापन कर | ६,५५,०००/- अक्षरेपी छ लाख पचपन्न हजार मात्र | १,०००/- | २०७७/८/९, कार्यालय समय भित्र | २०७७/८/१० १२ बजे भित्र | २०७७/८/१० २ बजे |

शर्तहरुसहित विस्तृत सूचना यस कार्यालयको Website: kamalmun.gov.np मा राखिएको व्यहोरा समेत अनुरोध छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**कमल गाउँ कार्यपालिकाको कार्यालय**
तोपगाछी, झापा

**प्रस्ताव आव्हान गरिएको सूचना**

**प्रथमपटक प्रकाशित मिति २०७७/७/२४**

यस कमल गाउँपालिका वडा नं. ६ खयरवारीवाट दमक-८ वालुवाटार जाने वाटो रतुवाखोलामा झोलुङ्गे पुल क्षेत्र अन्तर्गत झोलुङ्गे पुल सम्वन्धि कार्य सञ्चालन गर्नका लागि नेपाल सरकारको झोलुङ्गे पुल रणनीति, २०६२ अनुसार प्राविधिक तथा सामाजिक पक्षहरूमा सहयोग पुर्याउन (डीपीआर निर्माणसहित) गै.स.स. छनौट गरी कार्यक्रम अघि वढाउन आवश्यक भएकोले निम्न वमोजिम आधारहरू पूरा भएका स्थानीय गै.स.स.हरूवाट सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयमा पेश गर्न प्रस्ताव आव्हानको सूचना गरिएको छ।

गै.स.स. छनौटका आधारहरूसहित विस्तृत सूचना यस कार्यालयको Website: kamalmun.gov.npमा राखिएको व्यहोरा समेत अनुरोध छ।

**प्रमुख प्रशासकीय अधिकृत**



**पायल्स तथा स्त्री रोग सम्बन्धी समस्याले सतायो ?**

**चिन्ता नलिनुहोस्। अब प्रत्येक दिन रबिन आयुर्वेदिक फार्मेसी बिर्तामोडबाट** पायल्स, फिसर, फिष्टुला, कब्जियत, दिसाबाट रगत बग्ने, मलद्वार चिलाउने, मलद्वार दुख्ने, मलद्वारबाट पिप बग्ने, मलद्वारमा मासु पलाएको, मलद्वार सम्बन्धी सम्पूर्ण रोग तथा महिलाहरुको महिनाबारी गढबढी, तल्लो पेट दुख्ने, स्तनको गाँठागुठी, यौन रोग, निःसन्तान दम्पत्ति एवम् महिलाहरुको सम्पूर्ण रोगहरुको लागि महिला डाक्टर अहिल्या मैनालीद्वारा दैनिक उपचार सेवा शुरु भई रहेको हुनाले सम्बन्धित रोगी विरामीहरुले सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

**रबिन आयुर्वेदिक फार्मेसी**
अदुवा खोला पुल पश्चिम दक्षिण, बिर्तामोड
फोन नं. ०२३-५४१०१०, ९८५२६७३१२१


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## समाजसेवाको अनुकरणीय बाटो

संसारका सबै धर्मशास्त्रको सार छ– पुण्य कमाउन चाहन्छौ भने परोपकार गर, पाप कमाउन चाहन्छौ भने अरुलाई पीडा देऊ । समस्त प्राणीमा मनुष्य नै श्रेष्ठ प्राणी हो । आफ्नो मात्र हित नहेरेर ऊ समस्त समाजको सहयोगका लागि अभिप्रेरित हुन्छ । ऊ भित्र परोपकारी भावना हुन्छ । वास्तवमा परोपकार नै समाजसेवा हो । मानव हितका लागि आफूले गर्न सकिने काम गर्ने हो । समाजसेवा भनेको आफूले जे गर्न सकिन्छ, त्यही काम आफ्नो ठाउँबाट इमान्दार भएर गर्नु नै महानता हो । नेपालीमा उखान छ– मन हुनेको धन हुँदैन, धन हुनेको मन हुँदैन । तर, कहिलेकाहीँ यो लोकोक्ति अपवाद पनि हुन सक्छ । साँचो समाजसेवा सदैव स्तुत्य हुन्छ र समाजसेवीहरु सँधै बन्दनीय हुन्छन् ।

हाम्रो समाजमा अहिले दुई प्रकारका समाजसेवीहरु छन् । हाम्रो समाजमा महान् र उदाहरणीय काम गर्ने समाजसेवीको संख्या बढ्दै गएको छ । हृदयको ढोका बन्द गरेर सम्पत्ति कमाउने मात्र चाहना बोकेकाहरुको त कुरै नगरौं, तर आफ्ना पितृको सम्मान र स्मृतिमा मन्दिर, पाटीपौवा, सामुदायिक भवन, विद्यालय, चौतारी र विश्राम गृह बनाउने हाम्रो पुरानै नेपाली संस्कृति हो । आफूले दुःख र मेहनत आर्जन गरेको सम्पत्तिको केही अंश उदारतापूर्वक समाजसेवामा खर्चने असल समाजसेवीहरु हुन् । हिन्दु धर्मशास्त्रहरुले पनि दशांश दान गर्नुपर्ने सुझाएका छन् । हृदयदेखि नै समाजसेवा गर्नेहरुले जनताको विश्वास र माया बटुलेका छन् । अर्को तर्फ समाजसेवाको क्षेत्रमा नकारात्मक प्रवृत्ति पनि झाँगिदो छ । भिखारी जस्तै मागेर र अपारदर्शी ढंगले आय–व्ययको बहीखाता राखेर समाजसेवाको नाटक मञ्चन गर्नेको संख्या पनि सानो छैन । सामाजिक सञ्जालहरुमा तस्वीर अपलोड गरिरहेका कथित समाजसेवीहरुको संख्या पनि बढिरहेको छ । स्वार्थीहरुकै कारण पवित्र समाजसेवा पनि बदनाम हुँदै गएको छ । समाजसेवालाई अहिले धेरैले नाम र दाम कमाउने मलिलो पेशा बनाएका छन् । नेपालमा समाजसेवाकै आवरणमा कालो धनलाई सेतो बनाउने प्रयत्न जारी छ । आपराधिक छविलाई धोई पखाल्न समाजसेवाको दोसल्ला ओढ्नेको संख्या पनि कम छैन ।

स्वार्थीहरुको हृदयले समाजसेवा मन पराउँदैन । यस्ता व्यक्ति समाजको सेवा गर्न अयोग्य मात्र होइन, समाज विकासका लागि घातक पनि हुन्छन् । वास्तवमा साँचा समाजसेवीहरु प्रचारका भोका हुँदैनन् । देखाउन होइन, हृदयतः गर्ने हो समाजसेवा । कुनै पनि विकसित समाज सदासर्वदा समाजसेवीहरुको ऋणि रहन्छ । शोक, विपत्ति, विषम् र दुःखद् घडीमा सबैका लागि उदाहरणीय र प्रेरणाको स्रोत बनेर समाजसेवीहरु क्रियाशील हुन्छन् । निजी सम्पत्ति निःस्वार्थ दान गर्छन् । स्वार्थको दलदलबाट निस्केर मानवताको हितमा परोपकारीहरु उदाहरणीय र उदार भावनाले सहयोगका मुठी खोल्छन् । सत्कार्यको सकारात्मक सोच बोकेको समाजसेवाको अनुकरणीय बाटो असल समाजसेवीहरुले रोज्न आवश्यक छ ।

# केमिकल लाइफ मात्र होइन जीवन



उदय मैनाली

> जीवन केमिकलमुक्त बनाई प्राकृतिक र सामाजिक बनाउने हो भने सकारात्मक सोच नै मुख्य उपाय हो। सकारात्मक सोचका साथ समाजमा एकाकार हुन सक्ने मानिसले मात्र समाजमा स्थान बनाउन सक्दछ।

हरेक मानवको जीवन भोगाईका सन्दर्भ, अनुभव र कथा फरक हुन्छन्। जीवन भोगाईका चरणमा मानिसमा दुई प्रकारका मानवीय संवेदनाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। एउटा सुखद् संवेदना र अर्को दुःखद् संवेदना। समग्रमा मानवीय संवेदनाभित्र प्रेम, घृणा, काम, क्रोध, लोभ, राग, मोह, अहंकार, स्नेह, हाँसो, रोदन, क्रन्दन आदि पर्दछन्। त्यसमध्ये संसारका प्रत्येक मानव कहीँ न कहीँ प्रेमरुपी संवेदनाको फन्दामा नपरेको सायद नै हुँदैनन्।

हुन त आजकालका मानिसका लागि प्रेम एउटा मजाकको खेल जस्तै भइसकेको छ। किनकि प्रेमलाई



हेर्ने दृष्टिकोणमा यति विकसित भइसकेको छ की यो केवल मानिसको मष्तिस्कमा हुने एक रसायनिक क्रिया प्रतिक्रियाको प्रतिफल मात्र भएको छ। हरेक विषय र जीवन भोगाइलाई वैज्ञानिक लोजिक लगाएर मात्र विश्वास गर्ने आदत बसेको आजको विश्व समाज प्रेमलाई केवल केमिकल फंशनको रुपमा बुझ्न थालेको छ। तर, मानवीय संवेदनाभित्रका यावत विषयलाई गम्भीर रुपमा बुझ्न र हेर्न हामी केही धैर्य र संवेदनशील हुन अत्यन्तै जरुरी रहेको छ।

भूमिका लेखिए अनुसार मानिसको शरीरमा उत्पन्न हुने सुखद् र दुःखद् संवेदना नै मानवीय जीवनका दुई आयाम हुन्। दुःखद् संवेदनाले मानिसको शरीरमा उत्पन्न हुने चिलाईको अवस्थालाई बुझाउँछ भने त्यस चिलाइरहेको ठाउँमा कन्याइयो भने सुखद् संवेदनाको अवस्थालाई जनाउँदछ। आजको मानिसको सतही जीवनको जिउने कला यही चिल्याई र कन्याई मै रुमल्लिएको छ भन्दा फरक नपर्ला। किनकि यसप्रकारका मानवीय संवेदनालाई तटस्थ भएर हेर्ने र सुखद् र दुःखद् संवेदनाबाट विचलित नभई जीवनयापन गर्ने हाम्रो सोच हामीबाट कोसौँ भागिरहेको छ। संसारमा जीवन बारेमा बुझ्न मुख्यतया दुई प्रकारका अवधारणाको विकास भएको पाइन्छ।

**अलौकिकता**
- ईश्वरकेन्द्रित अवधारणा
- आत्मकेन्द्रित अवधारणा

**प्रकृतिवाद**
- विषयगत अवधारणा
- ऐच्छिक अवधारणा

कतिपयले जीवनको उद्देश्यलाई क्षणिक हाँसो, खुशी र आफूलाई मनपर्ने वस्तुको खोजीमा बिताएको पनि पाइन्छ। एक अर्थमा यो पनि जीवनको पाटो नै हो। तर, दार्शनिक दृष्टिकोणमा जीवनदर्शन जति गहिरो विषय अरु छैन। मानव जीवनलाई हेर्ने कतिपय विद्वानहरु तुलनात्मक दृष्टिकोणबाट प्रताडित पनि छन्। तर, जीवनदर्शन तुलनात्मकभन्दा अनुभवात्मक दृष्टिले अध्ययन गर्ने विषय हो। मानव विकासको इतिहासमा भोगिएका, देखिएका र सुनिएका अनुभवबाट मात्र यथार्थ जीवनको रहस्यसम्म पुग्न सहज हुन्छ।

अलौकिक वा अध्यात्मिक अवधारणाले ध्यान र योगको अवस्थामा मानिस निर्विचार हुन्छ। त्यसबेला मानवमा कुनै भाव वा संवेग हुँदैन। ऊ केमिकल लाइफभन्दा माथि उठिसकेको हुन्छ। यो बेलाभन्दा फरक समयमा जाग्ने संवेदना भनेको सबै मनका गणित र मनोदशा मात्र हुन्। किनकि मानवीय स्वभाव अनुसार प्रेमदेखि विछोडसम्म र चुम्बनदेखि सेक्ससम्म सबै रसायनिक जीवनका भोगाइहरु हुन्। तर, जीवनको सदुपयोग यति मात्रमा सिमित राख्नु भनेको जीवनको सही र सत्य प्रयोग होइन।

वैज्ञानिकहरु भन्दछन् मानव शरीरभित्र डोपामायन नामक रसायन हुन्छन्। जसले प्रेमी वा प्रेमिकालाई उत्तेजित गराउन भूमिका खेल्दछन्। तर, जीवनदर्शनले कुनै साथी बिना पनि हामी प्रेमको अद्भूत आनन्द लिन वा महशुस गर्न सक्छौँ। जसको लागि हामीले प्राकृतिक स्रोत र विधिबाट शरीरमा खुशी, आनन्द र प्रेमभाव जगाउन सक्छौँ। शारीरिक व्यायाम, सूर्य नमस्कार र स्नान, फोटोग्राफी, चित्रकला, संगीत। सिर्जनात्मक कार्यबाट पनि जीवन आनन्द लिन सकिन्छ। केमिकलयुक्त वस्तुबाट मात्र जीवन आनन्द लिने भावादेशबाट मुक्त भई अनावश्यक तनावबाट छुटकारा पाउन सकिन्छ।

यसका अनुपम उदाहरण पनि हामीले नसुनेका र नपढेका पक्कै होइनौँ। जस्तो की ध्यानमार्गबाट भगवान बुद्ध प्रेम र करुणामय भएका थिए भने ओशोले प्रेम कै गीत गाएका थिए। मीराले प्रेम भक्ति गरेकै हुन्। भगवान कृष्णले रासलिला रचाएकै हुन्। देवकोटाले मुनामदन मार्फत आत्मिक प्रेम मिलन गराएकै हुन्।

रसायनिक जीवनमा रम्नु भनेको भौतिक बिलासिता मात्र हो। जीवन भौतिक सुखसयल र संवेदनाको लागि मात्र होइन भनेर बुझ्न जरुरी छ। तसर्थ, केमिकल लाइफ मात्र बाँचेर सुन्दर मानव जीवन खेर जान दिनुहुँदैन। भौतिक विलासिता क्षणिक आनन्दको पाटो हो त्यसैले धेरै केमिकल लाइफले क्षणिक संवेदना शान्त गर्ला, तर वास्तवमा जीवनको अर्थबोध गराउँदैन। कोही केही नहुँदा पनि सन्तुष्ट छन् भने कोही पर्याप्त हुँदा पनि असन्तुष्ट।

केही नहुँदा पनि सन्तुलित जीवन जीउने कलाले जीवन विचलित हुनबाट जोगाउँछ भने भएर पनि नपुग्ने विलासिताले लोभ र मोहमाथि विजय प्राप्त गर्न सक्दैन र अन्ततः रसायनिक जीवनमा लिप्त हुन पुग्दछ। भूत र भविष्यको धेरै चिन्ता गर्ने परिपाटीले पनि अनावाश्यक केमिकल उत्पन्न गर्न मद्दत गर्दछ। तसर्थ, वर्तमान सुन्दर बनाउनतर्फ सचेत हुनु पर्दछ। जसको लागि सकारात्मक चिन्तनको जरुरत हुन जान्छ। जसरी गाडीको स्टेरिङ ड्राइभरको हातमा हुन्छ त्यसरी नै हाम्रो जीन्दगीको स्टेरिङ हाम्रो हातमा हुन्छ, मात्र त्यसलाई सही मार्गमा हिँडाउन सके जीवन सुन्दर छ।

जो मान्छेलाई जाँड रक्सी सेवनले असर गर्छ भन्ने थाहा हुँदाहुँदै पनि त्यसको सेवन गर्छ। त्यस्तो मानिसले जीवन सुन्दर बनाउन सक्दैन। जसले आफ्नो जीवन अर्काको देखासिकी र आदेशमा चलाउँछ उसलाई जीवनको असली मोल आफ्नो क्षमताको ज्ञान कहिल्यै हुँदैन। तसर्थ, जीवन केमिकल मुक्त बनाई प्राकृतिक र सामाजिक बनाउने हो भने सकारात्मक सोच नै मुख्य उपाय हो। सकारात्मक सोचका साथ समाजमा एकाकार हुन सक्ने मानिसले मात्र समाजमा स्थान बनाउन सक्दछ। अनि मात्र मानव जीवन सुखी र खुशी रहन सक्दछ।

# पत्रकारिता : सम्भावना र चुनौति



अमित संग्रौला

कुनै पनि सत्यतथ्य सूचनालाई सम्पादन गर्नु छापा माध्यम तथा विद्युतीय माध्यममा प्रशारण तथा प्रकाशन गर्नुलाई पत्रकारिता भनिन्छ। आजको यो समयमा पत्रकारिता गर्नु धेरै आवश्यक छ। समाज परिवर्तन र रुपान्तरणको लागि पत्रकारिताले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। यो पेशा समाज परिवर्तन गर्ने पेशा हो । सूचना पाउनु सबैको अधिकार हो। कुनै पनि सूचनाबाट वञ्चित हुन नपाउन। सूचनाको सही उपयोग गरेर अरुलाई सूचना प्रदान गर्न सकिन्छ। त्यसकारण असल पत्रकारिता गर्नेको खाँचो परेको अनुभव गर्न सकिन्छ।

पत्रकारिताले समाजलाई सही दिशामा लैजान मद्दत पुऱ्याउँछ। समाजमा भएको बढ्दो विकृति विसंगती बेथितिलाई हटाउन सक्नुपर्छ। देशमा भ्रष्टाचारले जडो गाडेको छ। यस्ता विकृति फैलिएको छ। पत्रकारिताको माध्यमबाट खबरदारी गर्ने हो। आजको पत्रकारिता बुलन्द हुन सक्नुपर्छ। हिजो समय र आजको समय फरक भइसकेको छ। हिजो सिमित कुराहरुले पुग्थ्यो भने आज असिमित आवश्यकताहरु बढेको छ। समय जति बित्दै गयो उत्तिनै मान्छेका धारणाहरु परिवर्तनको भएको छ। समाजमा अझैसम्म अन्धविश्वास कुप्रथाहरु ती कुराहरु हटाउँदै लानुपर्छ। आर्थिक विकास र समृद्धिको लागि यो अभिन्न अङ्ग हो। यो क्षेत्रमा समाजलाई सकारात्मक बनाउन सक्छु र केही कुरा दिन सक्छु भन्ने भाव भएकाहरुले यो क्षेत्रमा सफल भएको देखिन्छ।

यो क्षेत्रमा आउनलाई निःस्वार्थ भाव भएर आउन सक्नुपर्छ। सही सकारात्मक सूचनाले समाज परिवर्तन गर्न सक्छ। तसर्थ, यो पेशा मर्यादित र अनुशासित हुनुपर्छ। सबै जाति समुदाय वर्गमा सूचनाको पहुँच पुग्न जरुरी छ। पत्रकारितालाई आवाजविहीनको आवाज पनि भन्ने गरिन्छ। देशको आर्थिक विकास र उन्नतिमा यसले महत्वपूर्ण भूमिका खेल्दछ। यसमा लागेपछि निःस्वार्थ भएर लाग्नुपऱ्यो। यस्तो मर्यादित पेशामा लागेर पनि आचारसंहिताको उल्लंघन गरेको देखिन्छ । चर्चा कमाउन विभिन्न आपराधिक बन्न पुगेका छन्। यो पेशा आफ्नो लागि गरिने समाजको लागि गरिने हो । त्यसकारण पत्रकारिता समाज परिवर्तन गर्ने पेशा हो भन्ने गरिन्छ।

कोरोना भाइरस आएपछि नेपाली पत्रकारितालाई पनि असर गरेको छ। यसमा पनि संकट नआउला भन्न सकिन्न। कति त छापाबाट प्रकाशित हुने पत्र-पत्रिका बन्द हुने अवस्था छन् भने कति बन्द समेत भइसकेको छ। लामो समयसम्म लकडाउन भएको कारणले कच्चापदार्थ नपाउनु अथवा महगो हुने गरेको छ। कोरोना कहरको कारणले समाचार संकलन गर्न गाह्रो हुने गरेको छ। घर-परिवारबाट दबाब आउने पत्रकारिता गर्दा पैसा कमाउन सकिँदैन। एक्लो छोरा कोरोना भाइरस लागि हाल्यो हामी के गर्ने भन्छन्। पत्रकारितामा गर्नलाई निराश बनाइन्छ। कोरोना भाइरसको कारणले यो पेसा छोडेर व्यापार व्यवसायतिर लागेको पनि छन्।



पत्रकारलाई पनि कोरोनाको संक्रमण भएपछि अझ यो पेशामा चुनौति थपिएको छ।

दिनानुदिन कोरोना संक्रमण बढ्न थालेपछि उत्तिकै जोखिम पनि बढेको देख्न सकिन्छ। चुनौति पनि बढेको छ र सम्भावना पनि बढेको छ पत्रकारिता गर्नेलाई। म सानोदेखि नै पत्रपत्रिका पढ्ने, पुस्तक पढ्ने गर्थे। मलाई पनि पत्रकारिताको नशा चढेको छ। पत्रकार नै नभए पनि लेखकसम्म हुन्छु जस्तो लाग्छ। सूचनाबाट मानिसलाई सूचित गराउने पनि पत्रकारिता नै त हो। अहिले प्रविधिको विकाससँगै अनलाइन पत्रिका सूचना सम्प्रेषण गर्न सजिलो बनाएको छ। डिजिटल मिडियाको विकास तीव्ररूपमा हुँदैछ।

पहिला-पहिला छापाको माध्यमबाट प्रकाशित हुन्थ्यो। एकदिनसम्म कुर्नुपर्थ्यो। आजको समाचार अहिले तुरुन्त आउने प्रविधिको विकास भएको छ। समाचार सम्प्रेषण छिटो र आम-मानिसमा पुगि हाल्छ। यो समयको माग पनि हो। यो क्षेत्रमा जोखिम बढी हुने गर्छ, यद्यपि यो यो कलाको क्षेत्र पनि हो। हतारमा लेखिने भएकोले हतारको साहित्य पनि भनिन्छ। श्रमजीवी पत्रकारलाई पनि उचित पारिश्रमिक छैन। पत्रकार हुन्छु लक्ष्य राखेपछि जीवन नै समर्पण गर्नुपऱ्यो । भविष्यमा सफल पत्रकार बन्न सकिन्छ। खोज अनुसन्धान निरन्तर अभ्यासको जरुरी हुनुपर्छ। यता चुनौति बढे पनि सम्भावना पनि छ। म भित्र पनि गर्ने कला छ, खुबी छ। म पनि गर्न सक्छु आँट, हिम्मत हुनुपर्छ। पत्रकारिता आफैंलाई गरिने होइन अरुको काम हो। सेवाको भावना पनि हो। कोरोना भाइरस फैलिएपछि अझ जोखिम बढेको हो। चुनौति थपिएको हो। जोखिम सँगसँगै काम गर्न पनि एक किसिमको मजा छ। कतिपय पत्रकार साथीहरू बताउछन्।

अहिलेको यो समय महामारीमा दिनरात खटेर आममानिसमा सूचना प्रवाह गरिरहेका छन्। उनीहरुलाई उचित सम्मान दिनुपर्छ। कोरोनाको संक्रमण भएर कतिले ज्यान समेत गुमाएका छन् भने कति त निको समेत भएका छन्। दिनानुदिन जोखिम बढ्दैछ। पत्रकारितामा चुनौति थपेकोथप्पै छ। जहाँ जोखिम छ त्यहाँनेर सम्भावना पनि बढी हुने गर्छ। कोरोना महामारी पछि पत्रकारिता खस्कँदै गइरहेको छ। दुःख भएर समाचार संकलन गर्न हिँड्न डुल्न स्थिति पनि छैन। भयावह स्थिति छ। अत्यधिकरूपमा कोरोना संक्रमण बढ्न थालेपछि रिपोर्टिङ गर्न मन लागेर पनि गरेका छैनन् । घरमै बस्न थालेका देख्न सकिन्छ। पत्रकारिता गर्नेहरु अझ धेरै सतर्कता अपनाउन जरुरी छ। यो समय पत्रकारिता गर्नेहरुलाई राम्रो अवसर पनि हो। तपाई विचार गर्नु त चुनौति कहाँ छैन। जोखिम कुन क्षेत्रमा छैन। जो चुनौतिपूर्ण अघि बढ्न सक्छ। ऊ नै सफलताको शिखरमा पुग्छ। लक्ष्यसम्म पुग्ने सफलता हासिल गर्छ।

# न्यानो कपडा पाउँदा बालबालिका दंग



**बिर्तामोड, कात्तिक २४।** इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनले झापाको कनकाई-१ जामुनवारीस्थित सुस्त मनस्थिति सरोकार समाज नेपालको बालआवास गृहमा रहेका बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुलाई न्यानो कपडा प्रदान गरेको छ।

इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनकी प्रेसिडेन्ट रेनु बंशल, सेक्रेटरी सम्झना भण्डारी, आइएसओ मोनिका अग्रवाल, एडीडर जुनु उप्रेती, बोर्ड मेम्बर कमला पौडेल, प्रियंका गोयल लगायतले बालआवास गृहमा रहेका बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुलाई न्यानो कपडा प्रदान गरेका थिए।

उनीहरुले आउँदै गरेको हिन्दूहरुको चाड तिहारको उपलक्ष्यमा बालआवास गृहमा रहेका बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुलाई झिरझिरे बत्ती बालेर मनोरञ्जन गराउनुका साथै मिठा-मिठा परिकारहरु खुवाएका थिए।

त्यस्तै कोरोना भाइरसको संक्रमणबाट बच्न बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुलाई मास्क समेत वितरण गरिएको इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनकी प्रेसिडेन्ट रेनु बंशलले जानकारी दिइन्। जाडोको मौसम शुरु भएकाले यो अवस्थामा विभिन्न भाइरसजन्य फ्लूहरुबाट बचाउन बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुलाई न्यानो कपडा प्रदान गरिएको उनले बताइन्।

२०६८ सालमा सुस्त मनस्थिति सरोकार समाज नेपाल नामक संस्था स्थापना गरेर २०७१ सालदेखि कनकाई नगरपालिकाको कार्यालय नजिकै घर भाडामा लिएर झापा, इलाम, मोरङ, सुनसरी जिल्लाका अत्यन्तै न्यून आय भएका वा अभिभावक नै नभएर बेवारिसे अवस्थाका बौद्धिक अपाङ्गता भएका १६ जना बालबालिकाको स्याहारसुसार गरिँदै आएको सुस्त मनस्थिति सरोकार समाज नेपालकी अध्यक्ष भागिरथा चापागाईं पोखरेलले बताइन्।

उनले कोरोना कहरको यस्तो अवस्थामा पनि बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुलाई न्यानो कपडा प्रदान गरेकोमा इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनलाई धन्यवाद दिएकी थिइन्।

# सनराइज बैंक बिर्तामोडद्वारा वृद्धवृद्धालाई सहयोग



**बिर्तामोड, कात्तिक २४।** सनराइज बैंक बिर्तामोड शाखाले बिर्तामोड-४ परोपकार तथा अनुसन्धान केन्द्रद्वारा सञ्चालित बृद्धाश्रममा रहेका बृद्धबृद्धालाई सहयोग गरेको छ।

बैंकले परोपकार तथा अनुसन्धान केन्द्रद्वारा सञ्चालित वृद्धाश्रममा रहेका वृद्धवृद्धालाई सामग्री राख्ने ऱ्याक प्रदान गरेको सनराइज बैंक बिर्तामोड शाखा प्रमुख गणेशकुमार गुरागाईंले बताए।

सनराइज बैंक बिर्तामोड शाखा प्रमुख गणेशकुमार गुरागाईं कर्जा अधिकृत सुदेश मल्ल, डिपोजिट रिलेनसीप म्यानेजर श्यामकुमार गुरुङ, कर्मचारी अशोक अधिकारी लगायतले उक्त सामग्री परोपकार तथा अनुसन्धान केन्द्रद्वारा सञ्चालित बृद्धाश्रमका अध्यक्ष बिक्रम मादेन, कार्यालय सचिव बेनुप्रसाद भट्टराई लगायतलाई हस्तान्तरण गरेका थिए।

उक्त वृद्धाश्रममा रहेका वृद्धवृद्धालाई खाद्यान्न लगायतका सामग्री राख्न सहज होस् भन्ने उद्देश्यले बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत उक्त सामग्री प्रदान गरेको सनराइज बैंक बिर्तामोड शाखा प्रमुख गणेशकुमार गुरागाईंले बताए। बृद्धाश्रममा पुगेर त्यहाँ रहेका वृद्धवृद्धाको आवश्यकतालाई मध्यनजर गर्दै उक्त सामग्री प्रदान गरेको उनले बताए।

त्यस्तै उक्त वृद्धाश्रममा रहेका वृद्धपृद्धालाई बिस्कुट समेत वितरण गरेको उनले जानकारी दिए। वृद्धाश्रमका अध्यक्ष विक्रम मादेनले परोपकार तथा अनुसन्धान केन्दद्वारा सञ्चालित वृद्धाश्रममा हाल ३२ जना वृद्धवृद्धाहरु रहेको र उनीहरुलाई दाताले दिएको सामग्री राख्न असहज भइराखेको अवस्थामा सनराइज बैंकले सामग्री राख्ने ऱ्याक प्रदान गरेर ठूलो गुन लाएको बताए।


## टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला।

**मो. ९८१५९५२४९९, ९८४१३२१४६४**

## राहदानी हरायो

बिर्तामोडबाट बिर्ताबजार जाने क्रममा यही मिति २०७७०६।०२ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ।

**नाम**:- सुस्मिता बाँस्कोटा
**ठेगाना**:- बिर्तामोड-१, झापा
**राहदानी नं.**:- ११४६८७४६

## नियमित कुखुरा बिक्रीमा

हामी आफैले उत्पादन गरेको कुखुरा हरेक हप्ता ५०० वटा ब्रोइलर र १०० वटा लोकल नियमित रुपमा लिन चाहनेले सम्पर्क गर्नुहोला।

**गन्धारी एग्रोफर्म**
अर्जुनधारा-४, झापा
९८१७४०३३५४, ९८१५०८०३९१, ९८४१२९८५८३

## घडेरी बिक्रीमा

झापाको बिर्तामोडबाट ३.८ कि.मी. को दूरीमा लक्ष्मीपुरबाट उत्तर पान्डापुरका घडेरीहरु उचित मूल्यमा बिक्रीमा छ।

**मो. ९८४१३२८७९८, ९८१८९४०३११३, ९८४२७५६१००**

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट् फोट झट् सेवा'



सम्पर्क: ०२३-५५०६२०, ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## डिलर तथा होलसेल आवश्यकता

एक स्नेटरी प्याड उत्पादन गर्ने कम्पनीलाई होलसेलर तथा डिलर चाहियो।

**कञ्चनजंघा हस्पिटल इ. प्रा.लि.**
९८०१४२४०१३, ९८०१४२३६४३
अर्जुनधारा-०६, झापा

## सेक्युरिटी गार्ड चाहियो

सुरक्षा गार्डहरुका लागि जागीर खुल्यो बिर्तामोड लगायत झापाका विभिन स्थानका लागि पूर्व नेपाली सेना तथा पूर्व प्रहरी सेवामा काम गरेका केही सुरक्षा गार्डहरु आवश्यक परेको हुँदा शीघ्र सम्पर्क राख्नुहोला।

भरपर्दो सुरक्षा गार्ड सेवाको लागि सेक्टर वान सेक्युरिटी सर्भिस बिर्तामोडलाई सम्झनुहोस्।

**उमेर : २६ देखि ४८ सम्म**
**सम्पर्क** : ९८२४९८२२९६ (गोविन्द)
९८४४६९८३४० (रामकुमार)

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्क:
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।


# चारआली साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था

मेचीनगर नगरपालिका-१२, धाइजन, झापा
सम्पर्क नं. ०२३-४६०६७१

मिति : २०७७/०७/२३

## खानेपानी महसुलको बक्यौता रकम चुक्ता गर्नेबारेको अत्यन्त जरुरी सूचना

उपरोक्त सम्बन्धमा तपसीलका उपभोक्ताहरुको नाममा खानेपानी महसुलको बक्यौता रकम लामो समयदेखि बुझाउन बाँकी रहेको र संस्थाबाट पटक-पटक ताकेता/जानकारी गराउँदा समेत हालसम्म बक्यौता रकम चुक्ता नगरेकाले संस्थाको आसन्न छैठौं अधिवेशनलाई समेत मध्यनजर गर्दै तपाईको नामको बक्यौता रकम यही मिति २०७७ मंसीर १५ गतेभित्र चुक्ता गरिसक्नु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त मितिभित्र बक्यौता रकम चुक्ता नगरे आसन्न अधिवेशन प्रभावित हुनुका साथै संस्थाको विधान अनुसार कारवाहीको प्रक्रियाअघि बढाइने जानकारी समेत गराइन्छ।

**तपसिल**

| क्र.सं | ग्राहक कोड | ग्राहकको नाम | ठेगाना | बक्यौता रकम रु. |
|---|---|---|---|---|
| १. | १३६३ | श्री युनिक बोर्डिङ्ग स्कूल | मेनपा- १२ | ३५,४६० |
| २. | १९२३ | शोभादेवी सुनुवार | मेनपा- १२ | २८,८९३ |
| ३. | २२२९ | सन्तोष भुजेल | मेनपा- १२ | २७,०५० |
| ४. | ११६१ | अजित मेचे | मेनपा- १२ | २५,३६३ |
| ५. | २१६ | रञ्जित रिजाल | मेनपा- १३ | २४,०३४ |
| ६. | १८९५ | पदमबहादुर राई | मेनपा- १२ | १७,६९७ |
| ७. | २३७५ | राकेश मेचे | मेनपा- १२ | १५,०६८ |
| ८. | १९६२ | राजेन्द्र सार्की | मेनपा- १२ | १४,४४१ |
| ९. | १८९९ | अमित राई | मेनपा- १२ | १३,६४५ |
| १०. | ११५९ | कुमारी मेचे | मेनपा- १२ | १३,५९९ |
| ११. | १८८४ | विशाल विश्वकर्मा | मेनपा- १२ | १३,३७१ |
| १२. | ३३७ | दिलीपकुमार सिंह मादेन | मेनपा- १३ | १३,३५२ |
| १३. | १९३९ | गंगाबहादुर महरा | मेनपा- १२ | १२,२८० |
| १४. | १६९५ | श्याम राई (ख) | मेनपा- १२ | ११,६४५ |
| १५. | ३१८ | पुहाती राजबंशी | मेनपा- १३ | ११,५२२ |
| १६. | २०८१ | सुर्मिला राजवंशी श्रेष्ठ | मेनपा- १३ | ११,११३ |
| १७. | १००३ | भरत निरौला | मेनपा- ११ | १०,८५८ |
| १८. | ११४६ | सरिता मेचे | मेनपा- १२ | १०,४९३ |
| १९. | १३४४ | नारायाणप्रसाद रिमाल | मेनपा- १२ | १०,१९९ |
| २०. | २२४४ | पदमबहादुर दाश | मेनपा- ११ | ९,९७० |
| २१. | १८४२ | हरिमाया बराइली | मेनपा- १२ | ९,८०१ |
| २२. | १८८३ | सोमराज आलेमगर | मेनपा- १२ | ८,९१८ |
| २३. | १२०९ | रुवी मेचे | मेनपा- १२ | ८,६६४ |
| २४. | १९६० | पूर्णबहादुर अछामी | मेनपा- १२ | ८,४८६ |
| २५. | १९९३ | लोकबहादुर राई | मेनपा- १२ | ८,२३५ |
| २६. | १८३९ | भोला माया राई | मेनपा- १२ | ८,००३ |
| २७. | १८०३ | बलबहादुर सुब्बा | मेनपा- १२ | ७,८३९ |
| २८. | २३२२ | कमला दर्जी मोहरा | मेनपा- ११ | ७,७५० |
| २९. | १७७८ | तयनकुमार कलिवा | मेनपा- १२ | ७,३४४ |
| ३०. | २३५० | प्रदीप दर्जी | मेनपा- १२ | ७,३११ |
| ३१. | ९३२ | विद्यादेवी खत्री (सिलवाल) | मेनपा- ११ | ७,००९ |
| ३२. | ८०७ | राजकुमार दर्जी | मेनपा- १३ | ६,९०१ |
| ३३. | १९३१ | पुष्पादेवी थापा मगर | मेनपा- १२ | ६,८५७ |
| ३४. | १८७५ | पासु घिसिङ्ग | मेनपा- १२ | ६,६२२ |
| ३५. | ६९ | रुद्र पाठक | मेनपा- १४ | ६,४२४ |
| ३६. | ९१७ | सुमन मेचे | मेनपा- ११ | ६,२३० |
| ३७. | १३५० | पुन्यप्रसाद धौराली | मेनपा- १२ | ६,१७३ |
| ३८. | २३९१ | शुक्रती लिम्बू | मेनपा- ११ | ६,१०० |
| ३९. | २३७६ | कृष्ण मेचे | मेनपा- १२ | ५,७३१ |
| ४०. | २२२५ | तमरबहादुर श्रेष्ठ | मेनपा- १४ | ५,७२३ |
| ४१. | १८८१ | पूर्णबहादुर विश्वकर्मा | मेनपा- १२ | ५,६६७ |
| ४२. | १७८१ | अमृतबहादुर दर्जी | मेनपा- १२ | ५,६४४ |
| ४३. | १९६३ | तिलकबहादुर शार्की | मेनपा- १२ | ५,५८४ |
| ४४. | २४९० | उदयकुमार नेम्बाङ्ग | मेनपा- १२ | ५,५८० |
| ४५. | २३३ | बृक्षलाल राजबंशी | मेनपा- १३ | ५,४९४ |
| ४६. | १९२७ | धनबहादुर मगर | मेनपा- १२ | ५,४७९ |
| ४७. | ३४९ | चन्द्रकुमार दाश | मेनपा- १३ | ५,४४५ |
| ४८. | २०६६ | हरेराम राजवंशी | मेनपा- १३ | ५,३८८ |
| ४९. | ३१२ | प्रबासी राजबंशी | मेनपा- १३ | ५,१७६ |
| ५०. | २२१६ | कृष्णकुमार बाँस्कोटा | मेनपा- ११ | ५,१७० |
| ५१. | १९०६ | सुनमाया दर्जी | मेनपा- १२ | ५,०९९ |
| ५२. | १९४१ | मुना राई | मेनपा- १२ | ५,०७८ |
| ५३. | १८३४ | बिमला विक शंकर | मेनपा- १२ | ५,०५४ |
| ५४. | २२५४ | सीता दर्जी | मेनपा- ११ | ४,९०७ |
| ५५. | २२२४ | हिन्दू उराउँ | मेनपा- १४ | ४,७५७ |
| ५६. | १४५२ | प्रकाश धिमाल | मेनपा- १२ | ४,७४८ |
| ५७. | ८१० | शंकर दर्नाल | मेनपा- १३ | ४,६४६ |
| ५८. | १३९४ | युवराज बराइली | मेनपा- १२ | ४,६१२ |
| ५९. | ४४५ | सन्तोष न्यौपाने | मेनपा- १३ | ४,५९१ |
| ६०. | १६६४ | पूर्णमाया तामाङ्ग | मेनपा- १२ | ४,५१९ |
| ६१. | २२५६ | सविना दर्जी | मेनपा- ११ | ४,५१० |
| ६२. | ११६४ | पूर्णिमा मेचे | मेनपा- १२ | ४,४९७ |
| ६३. | ५५५ | अञ्जना उप्रेती बास्कोटा | मेनपा- १३ | ४,४८६ |
| ६४. | ४२५ | डम्बरकुमारी न्यौपाने | मेनपा- १३ | ४,४८४ |
| ६५. | २५२ | डम्बरकुमारी बजगाई | मेनपा- १३ | ४,४०० |
| ६६. | १८५७ | उमेश धमला | मेनपा- १२ | ४,३९४ |
| ६७. | १५७२ | बाशुदेव कार्की | मेनपा- १२ | ४,३२८ |
| ६८ | ११९७ | विर्खरानी फेवादिन | मेनपा- १२ | ४,२७९ |
| ६९. | १०७९ | हस्तबहादुर कार्की | मेनपा- ११ | ४,२१९ |
| ७०. | १९०० | हिमालय पण्टीकोष्टल (मचिन्द्र धमला) | मेनपा- १२ | ४,१६८ |
| ७१. | १४९६ | चन्द्रकला फागो | मेनपा- १२ | ४,०३२ |
| ७२. | २१४ | प्रदीप राजबंशी | मेनपा- १३ | ४,००० |
| ७३. | १७५९ | विक्रम राई | मेनपा- १२ | ३,८९४ |
| ७४. | १९०५ | कलुमाया दर्जी | मेनपा- १२ | ३,८९० |
| ७५. | ४५६ | मनमाया तिवारी | मेनपा- १३ | ३,८४६ |
| ७६. | १९४० | पुष्पदेवी थापा | मेनपा- १२ | ३,७२५ |
| ७७. | ११३५ | बलभद्र जनता मा.वि. | मेनपा- ११ | ३,७१९ |
| ७८. | २०७१ | भद्रा लिम्बू | मेनपा- १२ | ३,६९६ |
| ७९. | २२४० | बलमसिंह राजवंशी | मेनपा- ११ | ३,६३४ |
| ८०. | १८०१ | टिकाराम विश्वकर्मा | मेनपा- १२ | ३,६०८ |
| ८१. | ११७६ | रिना नेम्बाङ्ग | मेनपा- १२ | ३,५८९ |
| ८२. | २१३९ | दैवकेशर राई | मेनपा- १२ | ३,५३२ |
| ८३. | १३५८ | अम्बिका बराइली | मेनपा- १२ | ३,४८७ |
| ८४. | ११९५ | कालु मेचे | मेनपा- १२ | ३,३४१ |
| ८५ | ११६२ | संजित मेचे | मेनपा- १२ | ३,३१३ |
| ८६. | २३३० | महेन्द्र मेचे | मेनपा- ११ | ३,२३७ |
| ८७. | ६३ | संदिरा मण्डल | मेनपा- १४ | ३,२२८ |
| ८८. | २३४७ | नरमाया सार्की | मेनपा- १२ | ३,१५१ |
| ८९. | २४२४ | पार्वती धिमाल | मेनपा- १२ | ३,१५१ |
| ९०. | १७०८ | सुकसरी राजवंशी | मेनपा- १२ | ३,१४४ |
| ९१. | २१२८ | अनिलकुमार घिमिरे | मेनपा- १४ | ३,०४८ |
| ९२. | २२३६ | सुकुमार राजवंशी | मेनपा- १४ | २,९८८ |
| ९३. | २६३ | धर्मेन्द्र राजबंशी | मेनपा- १३ | २,९४९ |
| ९४. | १३९६ | बासुदेव ढुंगेल | मेनपा-१२ | २,८९४ |
| ९५. | ३१६ | श्रीप्रसाद रिजाल | मेनपा-१३ | २,८७७ |
| ९६. | २२६५ | पानीलाल राजवंशी | मेनपा- १३ | २,७४० |
| ९७. | ४८० | देवीप्रसाद खनाल | मेनपा- १३ | २,६५० |
| ९८. | २४३४ | सीता मेचे | मेनपा-११ | २,६५० |
| ९९. | २२६२ | लखी राजवंशी | मेनपा- १३ | २,६४० |
| १००. | २४०६ | निलु गुरुङ् | मेनपा- १२ | २,६२३ |
| १०१. | २०५८ | सरमान बराइली | मेनपा- १२ | २,५४२ |
| १०२. | १६ | महमद इस्लाम | मेनपा- १४ | २,५०० |
| १०३. | २२४२ | मनमाया वि.क. | मेनपा- ११ | २,५०० |
| १०४. | २२४३ | गीता गजमेर | मेनपा- ११ | २,५०० |
| १०५. | २२५७ | तुलबहादुर चौहान | मेनपा- ११ | २,४८६ |
| १०६. | ३७६ | छिरिङ शेर्पा | मेनपा- १३ | २,३९५ |
| १०७. | १३५६ | रामजीकुमार बराइली | मेनपा- १२ | २,३९४ |
| १०८. | १९१३ | ताराबहादुर राई | मेनपा- १२ | २,३९४ |
| १०९. | ३४४ | गान्धी चौधरी | मेनपा-१३ | २,३५४ |
| ११०. | १९७८ | देउकुमार नेम्बाङ्ग | मेनपा- १२ | २,१४४ |
| १११. | १७७१ | गोमादेवी बलकोटी | मेनपा-१२ | २,१४३ |
| ११२. | १४१ | नरेन्द्र भण्डारी | मेनपा- १४ | २,१३१ |
| ११३. | २३१८ | टीकालाल मेचे | मेनपा- ११ | २,१३० |
| ११४. | ११५३ | पदमा राय | मेनपा- १२ | २,१२८ |
| ११५. | १०७२ | टीकाराम खरेल | मेनपा-११ | २,००० |
| ११६. | २४४४ | प्रेममाया लिम्बू | मेनपा-११ | २,००० |
| ११७. | २३९२ | कुमारी लिम्बू | मेनपा- ११ | १,९८४ |
| ११८. | २३२८ | सुनीता मेचे | मेनपा-११ | १,९८१ |
| ११९. | ४६८ | लक्ष्मी खड्का | मेनपा- १३ | १,९७४ |
| १२०. | २७० | फूलमाया लिम्बू | मेनपा- १३ | १,९७२ |
| १२१. | २५२१ | विजय कार्की | मेनपा- ११ | १,९०० |
| १२२. | १८४४ | सीता लिम्बू | मेनपा- १२ | १,८९४ |
| १२३. | ९४७ | सन्तोष लिम्बू | मेनपा- ११ | १,८८४ |
| १२४. | ८२१ | भीमबहादुर राई | मेनपा- १३ | १,८७५ |
| १२५. | १०५९ | विनोद कडरिया | मेनपा-११ | १,८१५ |
| १२६. | १८८६ | भूपाल विश्वकर्मा | मेनपा- १२ | १,७५३ |
| १२७. | ४५२ | कुलबहादुर लिम्बू | मेनपा-१३ | १,७०८ |
| १२८. | २५३२ | सनलाइट इनभेष्टमेन्ट प्रा.लि. | मेनपा- १३ | १,७०० |
| १२९. | ५५४ | उमा सुनुवार | मेनपा- १३ | १,६९९ |
| १३०. | २१६८ | दुर्गादेवी खतिवडा | मेनपा-१३ | १,६९८ |
| १३१. | २०११ | माया केरुङ्ग आङ्गदङ्गबे | मेनपा- १२ | १,६९४ |
| १३२. | २२७१ | महेन्द्रबहादुर बुढाथोकी | मेनपा- १२ | १,६९३ |
| १३३. | २४४८ | जीवन खड्का | मेनपा- १४ | १,४९९ |
| १३४. | २३६४ | पूर्णप्रसाद धिमाल | मेनपा- १३ | १,४९६ |

**लालबहादुर थेवे : अध्यक्ष**



ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - परिश्रमको फल प्राप्त हुनुका साथै आयआर्जनका स्रोत बढ्नेछन्। व्यापार तथा साझेदारीमा मनग्गे लाभ हुनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - पहिलेको सफलताले हौसला जगाउनेछ। मेहनतले नाम, दाम र इनाम दिलाउनेछ। प्रयत्न गर्दा लक्ष्य प्राप्त हुनुका साथै दिगो काम प्रारम्भ हुनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - फाइदाको स्रोत पहिचान गर्न सकिनेछ। सहयोगीहरूले साथ दिनेछन् भने रोकिएका काम पनि सम्पादन हुनेछन्।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** - पुराना कामको चर्चा हुनेछ भने मिहिनेत गर्दा उपलब्धिको स्रोत प्राप्त हुनेछ। तर, अरूका काममा समय खर्चनुपर्दा पछि परिनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** - सामाजिक उत्तरदायित्व प्राप्त भए पनि जिम्मेवारी पूरा गर्नमा बाधा हुनेछ। अवसरवादीहरूले कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन्।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** - मेहनत गर्दा चुनौति चिर्दै काम बनाउन सकिनेछ। बलभन्दा बुद्धिको उपयोगले लाभ दिलाउनेछ। सोर्सफोर्स लगाउँदा काम बन्ला।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)** - केही समय लागे पनि विभिन्न काम र जिम्मेवारी हात पार्ने मौका छ। लगनशीलताले अवसर दिलाउन सक्छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** - श्रम परे पनि तारिफयोग्य काम गर्दै अरूको उपकार गर्न सकिनेछ। धर्मकर्म तथा सेवामूलक काममा प्रवृत्त भइनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** - आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ। तर, ढिलासुस्ती गर्दा वा आँटले काम लिन नसक्दा केही पछि परिनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** - काम गर्ने परिस्थिति अनुकूल नदेखिए पनि शुभचिन्तकहरूको साथले जिम्मेवारी प्राप्त हुन सक्छ। मेहनत गर्दा लगानी उठाउन सकिनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - आवश्यक पर्दा कर्जामार्फत धन प्राप्त हुनेछ। पहिलेका समस्या दोहोरिनाले अलमल बढ्न सक्छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - समयको तालमेल नमिल्दा योजना सम्पन्न नहुन सक्छ। अवसरका लागि जोखिमपूर्ण वा विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला।